भागेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
बगरकोट, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

च.न

मितिः २०७७।०९।२८

## कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७७।०९।२८)

यस गाउँपालिकामा संघ सरकारबाट प्राप्त बिशेष अनुदानबाट संचालन हुने मातृ, शिशु तथा किशोरीहरुको पोषण अबस्था सुधारका लागि बहुक्षेत्रीय पोषण योजना कार्यक्रम कार्यान्वयनका लागि तपसिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पद पूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस गाउँपालिकाको स्वास्थ्य शाखावाट प्राप्त गर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

(हर्ष बहादुर रोका)
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १०/०७७/०७८ | अ.हे.ब.वा अ.न.मी. | सहायक चौथो | २ (दुई) |

**१. आवश्यक न्युनतम योग्यता :**

| | |
|---|---|
| अ.न.मी.को हकमा | नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. वा सो सरह उत्तिर्ण गरि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। |
| अ.हे.ब.को हकमा | नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.हे.ब. वा सो सरह उत्तिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। |

२. **दरखास्त दिने स्थानः** श्री भागेश्वर गाउँकार्यपालिकाको कार्यालय, बगरकोट डडेल्धुरा।

३. **दरखास्त दिने अन्तिम मिति :** २०७७।१०।१३गते (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र) दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिन।

४. **आवेदनको दस्तुर :** अ.न.मी.वा अ.हे.ब.को लागि रु. ३००।- (तीन सय मात्र) सानिमा बैंकमा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०७००१००४००००००२ मा रकम जम्मा गरेको भौचर पेश गर्ने वा नगद दाखिला गर्नुपर्ने छ।

५. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धित काउन्सिलमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, आवेदन दस्तुर बुझाएको सक्कलै भौचर वा नगदी रसिद साथ लोक सेवा आयोगले निर्धारण गरेको आवेदन फाराम भरी पेश गर्नुपर्ने छ।

६. **उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्म अ.न.मी. वा अ.हे.ब.को हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

७. **तलव स्केल :** गाउँपालिकाले तोके बमोजिम।

८. **काम गर्नुपर्ने स्थान :** भागेश्वर गाउँपालिका अन्तर्गत वार्डहरुमा ।

९. **सम्पर्क मिति :** २०७७।१०।१६ गते

१०. **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ।

११. परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता।

**पुनश्च :** सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा परीक्षा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**नोट : थप जानकारीका लागि ९८४८७३३८४८ र ९८५८७८४४६५ मा सम्पर्क गर्न सकिनेछ।**